नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

# राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

## राष्ट्रिय गैंडा गणना २०७७ को नतिजा सार्वजनिक गरिएको सम्बन्धमा जारी

## प्रेस विज्ञप्ति

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार गैंडा गणनामा खटिने प्राविधिकहरुलाई तीनदिने अभिमुखीकरण तालिम सञ्चालन गरी पर्सा राष्ट्रिय निकुञ्जको प्रतापपुर क्षेत्रबाट नेपालका प्राकृतिक वासस्थानमा एकसिंगे गैंडा पाईने संरक्षित क्षेत्रहरु चितवन, पर्सा, बर्दिया र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जहरु, यीनका मध्यवर्ती क्षेत्रहरु एवं आसपासका वन क्षेत्रमा २०७७ चैत्र ९ गते देखि **राष्ट्रिय गैंडा गणना,२०७७** शुरु भई २०७७ चैत्र २८ गते सफलतापूर्वक सम्पन्न भएको छ।

यस गणना कार्यमा चितवन राष्ट्रिय निकुञ्जका २७, पर्सा राष्ट्रिय निकुञ्जका ५, कोशीटप्पु वन्यजन्तु आरक्षका ३, बर्दिया राष्ट्रिय निकुञ्जका ९, शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका ४, राष्ट्रिय प्रकृति संरक्षण कोषका ५ र टाईगर टप्स लजका ४ वटा गरी ५७ वटा हात्तीहरुको प्रयोग गरिएको थियो। यसैगरी चितवन, पर्सा, बर्दिया र शुक्लाफाटा राष्ट्रिय निकुञ्ज कार्यालयका कर्मचारी, निकुञ्ज सुरक्षार्थ तैनाथ नेपाली सेना र राष्ट्रिय प्रकृति संरक्षण कोषका प्राविधिक र सहयोगी कर्मचारीहरु गरी दैनिक २५० जना जनशक्तिले चितवन-पर्सामा २३ दिन, ६० जनाले बर्दियामा १२ दिन र ४० जनाले ७ दिन शुक्लाफाँटामा खटिएर गैडा गणना कार्य सम्पन्न गरिएको थियो।

गैंडा गणना कार्यलाई वैज्ञानिक एवं व्यवस्थित गरी कुनै गैंडा नछुटुन् र नदोहोरिउन् भन्ने मान्यताका साथ गैंडाको वासस्थान रहेको सबै स्थानमा ५० देखि १०० मिटरको दुरीमा, जि.पि.एस., दुरविन, वाकीटकी, एन्ड्रोइड मोवाइल फोन र डिजिटल क्यामरा लगायतका आधुनिक उपकरणहरु सहितका प्राविधिकहरु हात्तीमा बसेर स्वीप गर्दै प्रत्यक्ष गणना विधिबाट गैंडा गणना गरिएको थियो। यस क्रममा तोकिएको ढाँचासहितको फारममा गैंडाको लिङ्ग र उमेर समुह पहिचान गरी बिवरण संकलन गर्नुका साथै गैंडाको वासस्थानको अवस्था, मिचाहा वनस्पति प्रजाति र मानवीय क्रियाकलाप सम्बन्धि तथ्यांक समेत संकलन गरिएको थियो।

राष्ट्रिय गैंडा गणना २०७७ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको संयोजकत्व एवं वन तथा भू-संरक्षण विभाग, नेपाली सेना, मध्यवर्ती क्षेत्र उपभोक्ता समिति, सामुदायिक वन उपभोक्ता समुहहरु, राष्ट्रिय प्रकृति संरक्षण कोष, डब्लु डब्लु एफ नेपाल र जेड एस एल नेपालको सहकार्यमा सम्पन्न भएको छ। यस कार्यमा डिभिजन वन कार्यालयहरु, स्थानीय तह, टाईगर टप्स लज लगायत स्थानिय सरोकारवाला संघ संस्थाहरुको समेत प्रत्यक्ष रुपमा संलग्नता रहेको थियो । राष्ट्रिय गैंडा गणना २०७७ सफलतापूर्वक सम्पन्न गर्नका लागि नेपाल सरकारबाट १ करोड १० लाख र सहयोगी संस्थाहरु (राष्ट्रिय प्रकृति संरक्षण कोष, डब्लु डब्लु एफ नेपाल र जेड एस एल नेपाल)को ३० लाख गरी जम्मा १ करोड ४० लाख बजेट विनियोजन गरी गैडा गणना गरिएको थियो।

राष्ट्रिय गैंडा गणना २०७७ मा संकलन भएका बिवरणहरुको बिश्लेषणबाट नेपालमा प्राकृतिक वासस्थानमा ७५२ वटा एकसिंगे गैंडा रहेको यकिन भएको छ (तालिका १)। वि.स. २०७१ मा गरिएको गैंडा गणनाको तुलनामा चितवनमा ६०५ बाट संख्या वृद्धि भई २०७७ मा ६९४, बर्दियामा २९ बाट ३८ र शुक्लाफाँटामा ८ बाट १७ र पर्सा राष्ट्रिय निकुञ्ज मा ३ वटा यथावत समेत गरी २०७७ मा नेपालको गैंडाको संख्यामा जम्मा १०७ (१६.६%)ले वृद्धि भएको छ।

तालिका १. राष्ट्रिय गैडा गणना २०७७ अनुसार नेपालमा गैडाको संख्या।

| क.सं. | स्थान | लिङ्ग | | | उमेर समुह | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | भाले | पाथी | नछुट्टिएको | वयश्क | अर्ध-वयश्क | बच्चा | |
| १ | पर्सा राष्ट्रिय निकुञ्ज | १ | १ | १ | २ | ० | १ | ३ |
| २ | चितवन राष्ट्रिय निकुञ्ज, मध्यवर्ति क्षेत्र र आसपासको वनक्षेत्र | १२८ | १७४ | ३९२ | ४७४ | ९५ | १२५ | ६९४ |
| ३ | बर्दिया राष्ट्रिय निकुञ्ज, मध्यवर्ति क्षेत्र र आसपासको वनक्षेत्र | १४ | १९ | ५ | ३१ | १ | ६ | ३८ |
| ४ | शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज | ३ | ४ | १० | १३ | ० | ४ | १७ |
| | कूल जम्मा | १४६ | १९८ | ४०८ | ५२० | ९६ | १३६ | ७५२ |

राष्ट्रिय गैंडा गणना २०७७ सफलतापूर्वक सम्पन्न गर्ने कार्यमा अहोरात्र खटिएका हात्ती तथा हात्तीसार कर्मचारी, प्राविधिक एवं सुरक्षाकर्मी, ब्यवस्थापनमा खटिएका कर्मचारी, मध्यवर्ती क्षेत्र उपभोक्ता समूह/समिति तथा सामुदायिक वन उपभोक्ता समुहहरु, स्थानीय संघसंस्था एवं उपभोक्ताहरु, पर्यटन व्यवसायी, सञ्चारकर्मी महानुभावहरु लगायत प्रत्यक्ष र परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं। साथै निरन्तर सहयोगका लागि राष्ट्रिय प्रकृति संरक्षण कोष, डब्लु डब्लु एफ नेपाल, जेड एस एल नेपाल लगायतका सहयोगी संघ संस्थालाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौ ।

गैडा गणनाकै क्रममा वर्दिया राष्ट्रिय निकुञ्जमा मृत्युवरण गर्नुभएका हात्तीसारका कर्मचारी **श्री पुलिसराम थारु**प्रति हार्दिक श्रदाञ्जली व्यक्त गर्दछौं। यस्तै चितवन राष्ट्रिय निकुञ्जमा गैडा गणनाकै क्रममा दुर्घटनामा परी गम्भिर घाईते भई उपाचारार्थ रहनुभएका राष्ट्रिय प्रकृति संरक्षण कोषका कार्यक्रम अधिकृत **श्री विनोद श्रेष्ठ**को सिघ्र स्वास्थलाभको कामना गर्दछौं।

गैडा संरक्षणका लागि अहोरात्र फिल्डमा खटिएर अतुलनिय योगदान गर्ने कर्मचारी एवं नेपाली सेना, नेपाल प्रहरी, नेपाल प्रहरीको केन्द्रिय अनुसन्धान व्युरो, सशस्त्र प्रहरी वल एवं स्थानीय प्रशासन लगायतका नेपाल सरकारका बिभिन्न सरकारी निकायहरु, प्रदेश सरकार, स्थानीय तह, स्थानीय समुदाय र सहयोगी संघ संस्थाहरु, मध्यविन्दु अस्पताल, पर्यटन व्यवसायी, सञ्चारकर्मी, राजनैतिक दल, नागरिक समाज, चोरी शिकार तथा अवैध व्यापार नियन्त्रणको लागि राष्ट्रिय, क्षेत्रीय र अन्तराष्ट्रियस्तरमा कानून कार्यान्वयन गर्ने निकायहरु, विभिन्न सञ्चार माध्यमहरु, प्रत्यक्ष र परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने महानुभावहरुलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको तर्फबाट हार्दिक धन्यवादका साथै बधाई ज्ञापन गर्दछौं। अन्तमा नेपालको जैविक विविधता संरक्षणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहभागी भई योगदान पुऱ्याउन आम समुदायलाई हार्दिक अपिल गर्दछौं।

धन्यवाद।

हरिभद्र आचार्य
संयोजक, प्राविधिक समिति, राष्ट्रिय गैंडा गणना २०७७
एवं
इकोलोजिष्ट, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
टुर मुकाम, सौराहा चितवन, २०७७ चैत्र २८ गते शनिवार